प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०६/३०


(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको अढचालिस प्रतिशत (४८.४६%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढीरहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १२६१३७ (१००%) | ६११२९ (१००%) |
| निको भएको | ८८०४० (६९.७%) | ३७२१३ (६०.९%) |
| उपचाररत | ३७३८२ (२९.६%) | २३५९८ (३८.६%) |
| मृत्यु भएको | ७१५ (०.५७%) | ३१८ (०.५२%) |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/३० | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/३० |

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०६/३०

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइसीयु र भेन्टिलेटरमा भएका बिरामीकोसंख्याः

गत २४ घण्टामा १७० जना संक्रमितको आइसियुमा उपचार भइहेको छ (काठमाण्डौ उपत्यकाभित्र १२४ र बाहिर ४६) जसमध्ये ५८ जना भेन्टिलेटरमा हुनुहुन्छ (काठमाण्डौ उपत्यकाभित्र ४९ र बाहिर ९) ।

## ❖ गत २४ घण्टामा जिल्लागत निधनको संख्याः

भक्तपुर-५, काठमाण्डौ-३, ललितपुर-२, मकवानपुर-१, धादिङ-१, रामेछाप-१ **(कुल जम्मा - १३)**

## ❖ गत २४ घण्टामा भएको निधनको विवरणः

- बालकोट, भक्तपुरकी ३८ वर्षीया महिलालाई निमोनिया भई असोज १८ गते सशस्त्र प्रहरी बल अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २८ गते निधन भएको छ ।उहाँको असोज १७ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ उच्च रक्तचाप र दमले ग्रसित हुनुहुन्थ्यो | त्यस्तै भक्तपुर-४ का ४६ वर्षीय पुरुषलाई हृदयघात भई असोज २८ गते मेडिसिटि अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २९ गते निधन भएको छ ।उहाँको असोज २७ गते कोभिड-१९ पुष्टि भएको थियो । लिवाली-८, भक्तपुरकी ७४ वर्षीया महिलालाई श्वासप्रश्वासमा समस्या भई असोज २८ गते भक्तपुर अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २९ गते निधन भएको छ ।उहाँको असोज २९ गते कोभिड-१९ पुष्टि भएको थियो । ठिमी, भक्तपुरका ४२ वर्षीय पुरुषलाई हृदयघात भई असोज २९ गते भक्तपुर अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा सोहि दिन निधन भएको छ ।उहाँको असोज २० गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ मधुमेहले ग्रसित हुनुहुन्थ्यो | भक्तपुर-७का ३४ वर्षीय पुरुषलाई हृदयघात, शक र निमोनिया भई असोज २७ गते काठमाण्डौ मेडिकल कलेजमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २८ गते निधन भएको छ ।उहाँको असोज २८ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ मधुमेहले ग्रसित हुनुहुन्थ्यो |
- नयाँ बानेश्वर, काठमाण्डौका ७६ वर्षीय पुरुषलाई श्वासप्रश्वासमा समस्या र मुटुरोग भई असोज २३ गते नोबेल अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको असोज १८ गते कोभिड-१९ पुष्टि भएको थियो ।तारकेश्वर, काठमाण्डौकी २३ वर्षीया महिलालाई निमोनिया भई असोज २७ गते त्रि वि शिक्षण अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको असोज २७ गते कोभिड-१९ पुष्टि भएको थियो ।उहाँ कलेजो, फियोको रोगले ग्रसित हुनुहुन्थ्यो । पुतलीसडक, काठमाण्डौकी ५२ वर्षिया महिला असोज २५ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको असोज २५ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ निमोनिया र उच्च रक्तचापले ग्रसित हुनुहुन्थ्यो ।
- ललितपुरकी ७० वर्षिया महिलालाई असोज २० गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ ।उहाँको असोज २० गते नै कोभिड-१९ पुष्टि भएको थियो । ललितपुरकी १७ वर्षिया महिलालाई निमोनिया र शक भई असोज २८ गते वयोधा अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ ।उहाँको असोज २८ गते नै कोभिड-१९ पुष्टि भएको थियो । उहाँ रक्तअल्पता र मृगौलाको समस्याले ग्रसित हुनुहुन्थ्यो |
- हेटौडा-९, मकवानपुरका ६६ वर्षीय पुरुषलाई निमोनिया असोज २७ गते त्रि. वि. शिक्षण अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २८ गते निधन भएको छ ।उहाँको असोज २८ गते कोभिड-१९ पुष्टि भएको

थियो । उहाँ दम र उच्च रक्तचापले ग्रसित हुनुहुन्थ्यो | धादिङका ४५ वर्षीय पुरुषलाई असोज २९ गते त्रि. वि. शिक्षण अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा सोहि दिन निधन भएको छ ।उहाँको असोज २८ गते कोभिड-१९ पुष्टि भएको थियो । रामेछापकी ३३ वर्षिया महिला असोज १९ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २९ गते निधन भएको छ ।उहाँको असोज १७ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ फोक्सोको क्यान्सरले ग्रसित हुनुहुन्थ्यो | उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन्, आइसोलेसन्, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७६३७ वटा क्वारेन्टाईन बेड व्यवस्थापन गरिएकोमा हाल ३ १५ जना बसिरहनुभएको छ भने १४१० जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४५९५ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३७३५ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १५९६८ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा १०७३३४ जनाको पिसिआर परिक्षण गरिएको छ ।
- जिल्लाबाट संकलन गरिएका स्वाबको रिपोर्टिंग तलको तालिकामा समावेश भएको तर स्थानीय स्थनीय र केन्द्रीय तहबाट संकलन भएका केहि स्वाबको रिपोर्टिंग हालसम्म पनि जिल्लाको रिपोर्टिंगमा समावेश गर्न नसकिएकोले स्वाबको संख्या कम देखिएको छ ।स्वाबको रिपोर्टिंग र आइसोलेसनमा बसेको विवरण लाई आगामी दिनमा व्यवस्थित गर्दै लगिनेछ ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | संस्थागत आइसोलेसनमा बसेका | होम आइसोलेसनमा बसेका# | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | २६६६ | २१७४ | १००१० | २६४६६ | ४१८५० | १७८४ | |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २४२० | ११२३४ | ५९८७ | ३७४ | |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ७५ | १३५० | ११५२५ | ४१२३ | २४४ | |
| रसुवा | २५५ | ० | ० | ३५ | ३ | ५ | १३०० | ३२ | | |
| नुवाकोट | ५४९ | ५ | ४४ | ४० | २१ | ६० | ५३९२ | ३६१ | १२ | |
| धादिङ | ३१५ | २ | १८ | १३७ | ५१ | २४३ | ४५७८ | ८२४ | १५ | |
| चितवन | २४६५ | ४४ | ५६९ | ३५५ | ९४३* | ८४४ | १५७७९ | ३३६८ | १२८ | |
| सिन्धुली | ३१३ | ५ | १५ | ४३ | २० | १०६ | ३६२४ | ३०८ | ८ | |
| मकवानपुर | १५५ | २ | ० | २४५ | ८३ | ५०८ | १३०९९ | २३२६ | १२१ | |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | ३७ | १४७९ | २८० | ७ | |
| दोलखा | १९३ | २ | ३५ | ४४ | १० | ५ | २२५४ | १९९ | ६ | |
| काभ्रेपलान्चोक | ६२२ | २८ | ६७ | १७६ | ८२ | ३१८ | ५६६२ | ११३७ | ९० | |
| सिन्धुपाल्चोक | ७५४ | १२ | १०१ | १२६ | ५३ | ६२ | ४९४२ | ३३४ | २३ | |
| जम्मा | ७६३७ | ३१५ | १४१० | ४५९५ | ३७३५ | १५९६८ | १०७३३४ | ६११२९ | २८१२ | |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको

#होम आइसोलेसनमा रहेका बिरामीको संख्या हिजोसम्म उल्लेखित विवरणमा केहि जिल्लाको बिरामीको संख्या दोहोरिएको/संलग्न नभएकोमा आज सच्याइएको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरु:

- **संक्रमितको खोजी र फलो-अप कार्य**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ९६१६ | २२८ | ८४ | २४ जनाः काभ्रेपलान्चोक-१६, सिन्धुपाल्चोक-४, भक्तपुर-२, सिन्धुली-२ | ६० | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | २७५२७ | २३९ | २३९ | ११६ जनाः मकवानपुर-११०, सिन्धुली-२, काठमाण्डौ-१, चितवन-१, फलोअप-२ | १२३ | |

## ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

| | |
|---|---|
| -सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः | http://mosd.p3.gov.np/ |
| -स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : | https://covid19.mohp.gov.np/#/ |
| -नेपाल सरकार गृह मन्त्रालय : | https://covid19.ndrrma.gov.np/ |
| -कोभिड१९ संकट ब्यबस्थापन केन्द्रः | ccmc.gov.np |
| -इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः | http://www.edcd.gov.np/news/covid-19-situation-updates |
| -विश्व स्वास्थ्य संगठन / नेपालः | https://www.who.int/nepal |

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**
**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)
डा. पुरुषोतम राज सेढाई